# मनसुन प्रतिकार्य कमाण्ड पोष्ट बैठकका निर्णयहरु

(मितिः २०८३/०४/०२)

१. जल तथा मौसम विज्ञान विभागबाट यही २०८३ श्रावण २ र ३ गतेका लागि जारी विशेष बुलेटिनको बारेमा छलफल गरियो। उक्त बुलेटिन अनुसार कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भू-भागको एक-दुई स्थानमा अति भारी वर्षाको सम्भावना छ। यसैगरी देशका हिमाली/पहाडी भू-भाग, कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको तराई भू-भागका थोरै स्थान तथा मधेश, बागमती र गण्डकी प्रदेशको तराईको एक-दुई स्थानमा भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको छ।

२. जल तथा मौसम विज्ञान विभागबाट जारी विशेष बुलेटिन अनुसार पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, खोटाङ, धनकुटा, सिन्धुली, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, चितवन, धादिङ, गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्वत, बाग्लुङ, म्याग्दी र स्याङ्जामा रातो रङ अर्थात् प्रतिकार्य गर्नुपर्ने संभावना रहेको हुँदा ती जिल्लाका जिल्ला सुरक्षा समिति र स्थानीय तहलाई उच्च सतर्कता अपनाउन निर्देशन दिने।

३. भारी देखि अति भारी वर्षाका कारण अचानक बाढी, पहिरो, कटान, गेग्रान बहाव, शहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम हुने भएकोले देहायका कार्य गर्न, गराउन सम्बन्धित सबैमा अनुरोध गर्नेः-

(क) रातो रङ इङ्कित जिल्लाहरुमा रातीको समयमा सवारी आवागमनमा रोक लगाउन एवं परिस्थिति अनुसार जुनसुकै बेला सवारी आवागमन बन्द गर्न सम्बन्धित जिल्ला सुरक्षा समितिलाई निर्देशन दिने। अन्य जिल्लाहरुमा समेत उच्च सतर्कताका लागि अनुरोध गर्ने।

(ख) तीनवटै सुरक्षा निकाय, स्थानीय तह, स्वयंसेवक लगायत सरोकारवाला सबै निकाय प्रतिकार्यका लागि तयारी अवस्थामा रहन अनुरोध गर्ने।

कार्यकारी प्रमुख

(ग) जोखिमयुक्त राजमार्ग र सडकहरुमा डोजर, एक्साभेटर, लोडर लगायतका साधनहरु तयारी अवस्थामा राख्न सडक विभाग र अन्य सम्बद्ध निकायलाई अनुरोध गर्ने।

(घ) पूर्वसूचना/चेतावनी अनुसार जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति, घरपरिवारलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै आवश्यकता अनुसार सुरक्षित स्थानमा स्थानान्तरण गर्न जिल्ला सुरक्षा समिति, स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवकलाई अनुरोध गर्ने।

४. आवश्यकता अनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्यमा सहयोग, सहकार्य र साझेदारी गर्न विकास साझेदार संघसंस्था, नागरिक समाज, संचार जगत, निजी क्षेत्र, नागरिक लगायत सम्पूर्णलाई अनुरोध गर्ने।

५. आपत्कालीन गोदामघरलाई आवश्यक परेमा तुरुन्त परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
बबरमहल, काठमाडौं

कार्यकारी प्रमुख